# National News
7/4/2024

मुख्य समाचार:-

- प्रधानमन्त्रीले दावी गर्दै भन्नुभयो, जनतालाई अहिलासम्म  दिएको वचन पूरा भएको छ
- उप-राष्ट्रपतिको युवा व्यवसायीहरूलाई  दुई हजार सैतालीस सम्ममा विकसित भारत बनाउने प्रयासमा सहभागी बन्ने  अपील
- विश्व स्वास्थ्य संगठनको यस वर्षको विषय रहेको छ मेरो स्वास्थ्य मेरो अधिकार
- निर्वाचन आयोगअनुसार केवल बीस दिनमा सुविधा पोर्टलमा तिरतर  हजार  भन्दा अधिक आवेदन प्राप्त
- सेनाको तीन अंगको एक दिनको संयुक्त सम्मेलन-- परिवर्तन चिन्तन भोली नयाँ दिल्लीमा हुने

पीएम रैली

प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले भन्नुभएको छ, इण्डिया गठबन्धनसित स्पष्ट दृष्टिकोण र विश्वसनीयताको अभाव र आपसी मतभेद सबैअघ छ। आज बिहारमा नवादाको कुन्ती नगरमा जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, विपक्षी गठबन्धनका नेता उहाँको गारन्टीसंग डराउँछन्। उहाँले भन्नुभयो, विपक्षले भ्रष्टाचारलाई बढावा दिन अनि विकासलाई बाधित गर्न चहान्छ । उहाँले जनतालाई  अहिलेसम्म  दिएको वचन पूरा गरेको पनि बताउनु भयो। श्री मोदीले कंग्रेस, राष्ट्रीय जनता दल र अन्य विपक्षी दलले  देशलाई तोड्न  चाहेको आरोप लगाउनु  भएको छ।

उपराष्ट्रपति

उप-राष्ट्रपति श्री  जगदीप धनखड़ले युवा व्यवसायीहरूलाई  दुई हजार सैतालीस सम्ममा विकसित भारत बनाउने प्रयासमा सहभागी बन्ने अपील  गर्नुभएको छ। आज बिहारको बोधगया, भारतीय प्रबन्धन संस्थानको छऔं दीक्षान्त समारोहमा उहाँले भन्नुभयो,  आजका विद्यार्थी अनि युवा नै भारतको भविष्य हुन् । श्री धनखड़ले विद्यार्थीहरूलाई भारतको विकास-गाथामा नयाँ अध्याय लेख्नका लागि आफ्नो कौशल  र प्रतिभाको उपयोग गर्न अपील गर्नुभयो। यस अघि, उप-राष्ट्रपतिले दीक्षान्त समारोहमा एम.बी,ए –का विद्यार्थीलाई डिग्री प्रदान गर्नुभएको छ। यस अवसरमा बिहारका राज्यपाल श्री राजेन्द्र विश्वनाथ आर्लेकर, भारतीय प्रबन्धन संस्थान- बोधगयाका अध्यक्ष श्री उदय कोटक अनि निदेशक  सुश्री विनीता

सहायको पनि उपस्थिती रहेको थियो। उप-राष्ट्रपतिले बोधगयामा विश्व प्रसिद्ध महाबोधी मन्दीरमा पूजा-अर्चना पनि गर्नुभयो।

## विश्व स्वास्थ्य दिवस

स्वास्थ्यका बारेमा वैश्वि स्तरमा जागरुकता फैलाउनका लागी आज विश्व स्वास्थ्य दिवस मनाइएको हो । विश्व स्वास्थ्य संगठनले यस वर्षका लागी विषय राखेको छ - मेरो स्वास्थ्य मेरो अधिकार। यसको उद्देश्य आवश्यक स्वास्थ्य सुविधाको अभाव झेली रहेका विश्वका लगभग साढ़े चार अरब मानिसहरूलाई समग्र स्वास्थ्य हेरचाह उपलब्ध गराउनु हो । यो संख्या विश्वको कुल जनसंख्याको आधी भन्दा पनि अधिक हो ।

आकाशवाणी समाचारसीतको कुराकानीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान, नयाँ दिल्लीका प्रोफेसर डा. रीमा दादाले भन्नुभयो, जीवन शैलीमा परिवर्तन ल्याएर योग जस्तो अभ्यास अपनाउँदै अनेक रोगबाट बाच्न सकिन्छ। जीवन शैलीसंग जोडीएको रोग, विशेष गरी युवाहरूमा फैलीएको छ। विश्व स्वास्थ्य दिवस पहलोपल्ट उन्नाइस सय पचासमा मानिएको थियो र स्वास्थ्यको महत्व प्रति विश्वको ध्यान आकर्षीत गरिएको थियो।

## निर्वाचन आयोग-सुविधा

निर्वाचन आयोगले भनेको छ, आम चुनाव दुई हजार चौबीसको घोषणा पछि केवल बीस दिनमा नै सुविधा पोर्टलमा तिह्तर हजार भन्दा अधिक आवेदन प्राप्त भएको छ । सुविधा पोर्टलका माध्यमबाट, चुनाव प्रचार अवधिको महत्वलाई हेर्दै , रेली आयोजन गर्ने, अस्थाई पार्टी कार्यालय खोल्ने, घर-घर गएर प्रचार, वीडियो भेन, हेलीकप्टर, वाहन परमिट प्राप्त गर्ने र प्रचार सामग्री वितरित गर्ने अनुमती लिन सकिन्छ।

निर्वाचन आयोगले भनेको छ, प्राप्त अनुरोधमा चवालीस हजार छ सय भन्दा अधिक स्वीकृती गरिएको छ । दल अनि उम्मेदवारका लगी समान रुपले सुविधा सुनिश्चित गरिदैछ। आयोगले भनेको छ, सुविधा पोर्टलले चुनाव प्रबन्धनमा पारदर्शितालाई पनि बढावा दिँदछ। लगभग एघाह्र हजार दुई सय अनुरोध अस्वीकृत गरिएको छ र दस हजार भन्दा अधिक रद्द गरिएको छ। रहेका आवेदन अहिले प्रक्रियाधीन छन्। सबै भन्दा अधिक तेइस हजार अनुरोध तमिलनाडुबाट, लगभग बाह्र हजार पश्चिम बंगालबाट अनि दस हजार भन्दा अधिक मध्य प्रदेशबाट प्राप्तको छ।

## बीजेपी-जे.पी. नड्डा

भाजपा अध्यक्ष श्री जगत प्रकाश नड्डाले भन्नुभयो, राष्ट्रीय गणतान्त्रीक गठबंधन-एन.डी.ए ले सधै तमिल भाषालाई सहज राखेको छ । तमिलनाडुमा चिन्दबरम संसदीय क्षेत्रमा भाजपा

उम्मेदवारका पक्षमा मतदान गर्ने अपील गर्दै श्री नड्डाले भन्नुभयो, कांग्रेस र डी.एम.के गठबन्धनले तमिलनाडुका जनता र सांस्कृतिक विरासतका साथ छल गरेको छ । उहाँले भन्नुभयो, एन.डी.ए को नीती र प्रधानमन्त्रीको कुशल नेतृत्वका कारण कोविड महामारी भए तापनि भारत विश्वको शीर्ष पाँच अर्थव्यवस्थामा शामेल छ।

## सीडीएस-सम्मेलन

सेनाको तीन अंगको एक दिनको संयुक्त सम्मेलन-- परिवर्तन चिन्तन भोली नयाँ दिल्लीमा हुनेछ। सम्मेलनको उद्देश्य नयाँ विचार, नयाँ पहल र सुधारमा जोड दिनु हो ताकि तीन अंगका बीच तालमेललाई अझै राम्रो गरिन सकियोस। सम्मेलनको अध्यक्षता रक्षा प्रमुख जनरल श्री अनिल चौहानले गर्नुभयो। यो सेनाको तीन अंगको प्रमुख, सैन्य कार्य विभाग र इन्टीग्रेटेड डिफेन्स स्टाफ को मुख्यालयको पहिलो संयुक्त सम्मेलन हुनेछ। सम्मेलनमा सेनाका विभिन्न स्तरका अधिकारीले आफ्नो अनुभव साझा गर्नुहुनेछ अनि एकीकृती व्यवस्थालाई कार्यरूप दिने सम्बन्धी सुझाव पनि दिनुहुनेछ। रक्षा मन्त्रालयले बताएको छ, भारतीय सशस्त्र बलले भविष्यको युद्धका लागी स्वयंलाई तयार गर्दैछ, यसलाई हेर्दै संयुक्त अभियानका लागी सेनाका तीन अंगका बीच तालमेललाई बलियो गर्ने पहल गर्दैछ।

## चुनाव आयोग-महाराष्ट्र

निर्वाचन आयोगले महाराष्ट्र सहित छ राज्यमा चुनाव प्रक्रियालाई स्वतन्त्र अनि निष्पक्ष बनाउनका लागी विशेष पर्यवेक्षक नियुक्त गरेको छ। सेवानिवृत अधिकारी श्री धर्मेश एस. गंगवारलाई सामान्य र भूतपूर्व अधिकारी श्री एन. के. मिश्रालाई विशेष पुलिस पर्यवेक्षक नियुक्त गरिएको छ। पर्यवेक्षकलाई पश्चिम बंगाल, उत्तर प्रदेश, महाराष्ट्र अनि बिहार पठाइएको छ।

## आप-बीजेपी-आन्दोलन

आम आदमी पार्टीले दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालको कथित आबकारी नीतिसंग जोडीएको धनशोधन मामिलाको गिरफ्तारीका विरोधमा एक दिने सामूहिक उपवासको आयोजना गरेको छ। पार्टीका नेता श्री संजय सिंह, श्रीमती आतिशी र श्री गोपाल रायले आज बिहान दिल्लीको जन्तर-मन्तरमा उपवास शुरू गर्नुभएको छ। पार्टीका कार्यकर्तालाई सम्बोधन गर्दै श्री सन्जय सिंहले मादक पदार्थ नीती घोटालामा सबै प्रमाण अनि बयान बनावटी रहेको आरोप लगाउनु भएको छ। पार्टीले केन्द्रमा सरकारी संस्थाको दुरूपयोगको पनि आरोप लगाउनु भएको छ।

<u>तटरक्षक-बचाव</u>

भारतीय तट रक्षक बल पोत आई.सी.जी. एस वीरा – ले बंगालको खाडीमा आन्ध्र प्रदेश समुद्रबाट नौजना माछा मार्नेहरूलाई सुरक्षित बचाएको छ । यी मछुवाको  नौका आगो लागेपछि डूबेको थियो अनि यसमा सवार भएका मानिसहरू गम्भीर रुपमा जलेका थिए।  रक्षा मन्त्रालयले बताएको छ, स्थितीको गम्भीरतालाई हेर्दै आई.सी.जी.एस वीरा- ले तत्काल घटना स्थलमा पुगेर राहत उपलब्ध  गराएको छ।